# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१२/१५ गते

## प्रेस विज्ञप्ति

**विषय: ईलाका वन कार्यालय आर्वा, पोखराका सहायक वन अधिकृत गणेश बहादुर कार्कीलाई घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

कास्की जिल्लाको काउ भलान फुलबारी बाटो निर्माण समितिले नगरपालिकाबाट बजेट निकासा गरी काउ भलान फुलबारी बाटो निर्माणको क्रममा निस्किएको ढुङ्गा सोही स्थानमा प्रयोग गर्न नपाउने भनि जिल्ला वन कार्यालय कास्कीमा परेको निवेदन उपरको कारवाहीको क्रममा ईलाका वन कार्यालय आर्वा, पोखराका सहायक वन अधिकृत गणेश बहादुर कार्कीले सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचनाको आधारमा अ.दु.अ.आयोग केन्द्रिय कार्यालय टंगाल, काठमाडौबाट खटिई गएको टोलीले निज सहायक वन अधिकृतलाई न्युरोड, पोखरास्थित कल्पना मःमः रेष्टुरेण्टबाट घुस वापत लिएको रू.५०,०००।-(पचास हजार) रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता